# भूमि अधिकार अभियान

## मासिक खबर

वर्ष : १ | अङ्क : ८ | फागुन, २०७१

### आत्मनिर्भर केन्द्रमा नयाँ नेतृत्व

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको विशेष साधारण सभा फागुन ३० गते अर्गानिक फाम भ्रुलेमा भयो । केन्द्रको १९ औं वार्षिक साधारण सभाले आगामी तीन वर्षको लागि डा. सुरेश ढकालको अध्यक्षतामा ९ सदस्यीय कार्यकारी समिति चयन गरेको छ । संस्थाका साधारण सदस्यहरूको भेलाले गत तीन वर्षे अवधिमा भएको आर्थिक तथा कार्य प्रगती प्रतिवेदन पनि पारित गरेको छ ।




साधारण सभाले संस्थाको कार्यकारी उपाध्यक्ष, सचिव र कोषाध्यक्षमा क्रमशः रेणुका पौडेल, गोपाल थापा र हरीप्रसाद पुडासैनीलाई चयन गरेको छ । साथै सदस्यहरूमा मानबहादुर क्षेत्री, उमा अर्याल र लक्ष्मी चौधरी चयन हुनुभएको छ । बाँकी २ सदस्य भने समावेशी हिसावले निर्वाचित कार्यकारी समितिको बैठकले मनोनित गर्नेछ ।

साधारण सभाको अवसरमा विगत लामो सयमदेखि आत्मनिर्भर केन्द्रमा रही काम गर्नुभएको तथा यस अघिको कार्यकाल अध्यक्ष भई काम गर्नुभएको निवर्तमान अध्यक्ष शशिकला दाहाललाई सफल कार्यकालको उचित कदर गर्दै सम्मान गरिएको थियो । सोही अवसरमा विगत चार वर्षदेखि आत्मनिर्भर केन्द्रमा रही भूमि अधिकार आन्दोलनमा अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान अधिकृतको जिम्मेवरीमा रही काम गर्नुभएकी ज्योती बैद्य हाल साझेदार संस्था केयर नेपालमा जानु भएकाले उहाँको पनि कुशल कार्यकाल र उज्जवल भविष्यको कामना गर्दै विदाई गरिएको थियो ।

नवनिर्वाचित अध्यक्ष डा.ढकालले आत्मनिर्भर केन्द्रको स्थापनाकालदेखि नै आफू नजिक रहेको र विगत केही वर्ष पहिलेदेखि आत्मनिर्भर केन्द्रको कार्यकारी समितिको जिम्मेवारीहरूमा रही काम गरेको र अहिले आफूलाई अध्यक्षको जिम्मेवारीमा चयन गरेकोमा सबै साधारण सदस्यहरूलाई धन्यवाद् ज्ञापन गर्दै आगामी कार्यकाल सफल बनाउन सबै सदस्य तथा कर्मचारी साथीहरूको भूमिका उत्तिकै महत्वपूर्ण रहने बताउनुभयो ।

## आत्मनिर्भर केन्द्रको स्थापना दिवस

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको स्थापना दिवस चैत १ गते अर्गानिक फार्म भुलेमा आयोजना भयो । २०४९ साल चैत १ गते सिन्धुपाल्चोक जिल्लामा स्थापना भएको आत्मनिर्भर केन्द्रले २२ वर्ष सफलरूपमा पुरा गरेको छ । आत्मनिर्भर केन्द्र २०५१ साल यता निरन्तर भूमि अधिकार आन्दोलनमा क्रियाशील छ । हाल आत्मनिर्भर केन्द्रको सक्रियतामा देशको ५४ जिल्लामा भूमि अधिकार अभियान फैलिई करिव ६ लाख मानिसहरू भूमि तथा कृषि सुधार अभियानमा सङ्गठित छन् ।




विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा गरिब, भूमिहीन, भूमिको अधिकारबाट वञ्चित साना किसान, दलित एवम् महिला किसानको भूमि हक प्राप्तीको लडाइँमा सहयोगी संस्थाको भूमिका निर्वाह गर्दै आएको यस संस्थाले औपचारिक रूपमा पहिलो पटक आफ्नो स्थापना दिवस मनाएको हो । स्थापना दिवसमा संस्थाका कार्यकारी समिति, साधारण सदस्य, कर्मचारी र सहयात्री तथा साझेदार संस्थाका प्रतिनिधिहरू पनि सहभागी भएका थिए । स्थापना दिवसको अवसरमा कार्यकारी निर्देशक जगत देउजाले सबै अतिथिहरूलाई स्वागत गर्दै भूमि अधिकार अभियानलाई अघि बढाउन आत्मनिर्भर केन्द्रलाई साथ दिने सबै साझेदार संस्थाहरू, सहयोगी तथा चिन्तक व्यक्तिहरूप्रति संस्था कृतज्ञ रहेको बताउनुभयो ।

स्थापना दिवसको अवसरमा २२ वर्षे इतिहास, यस अवधिको सङ्घर्ष, प्रगती, सिकाई र चुनौती के/कती आए र चुनौतीलाई पार गर्दै कसरी यात्रा अघि बढाइयो भन्ने बारे आत्मनिर्भर केन्द्रका संस्थापक सदस्य एवम् संस्थागत विकास सल्लाहकार जगत बस्नेतले प्रस्तुती गर्नुभयो ।

नेपालमा भूमि अधिकार अभियानको क्षेत्रमा काम गर्ने एकमात्र संस्थाको पहिचान बनाउन आत्मनिर्भर केन्द्र सफल हुँदै गएकोमा उपस्थित सहभागीहरूले संस्थालाई बधाई दिएका थिए । संस्थाको स्थापना दिवसको अवसरमा शुभकामना तथा सुझाव दिन विभिन्न व्यक्तित्वहरू पुग्नुभएको थियो । यस क्रममा सभासद् एवम् पूर्व उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगका अध्यक्ष केशव बडाल, भूमि सुधार तथा व्यवस्था मन्त्रालयका सहसचिव कृष्णराज बीसी, प्रा.डा. लयप्रसाद उप्रेती, SDC का यमुना घले, हेल्भिटास नेपालका डिपुटी डाइरेक्टर मोना शेर्पा, केयर नेपालका प्रकाश काफ्ले, ज्योती बैद्य, कृष्णहरी पनेरु, हंशराज जोशी, अक्सफामका रश्ना ढकाल, राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष उद्धव अधिकारी, भूमि अधिकार सरोकार समूहका अध्यक्ष सरेश नेपाल, कोलार्पका उद्धव राई, युएनडिपीका चिरिन्जीवि अधिकारी, राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका अध्यक्ष ल्यामबहादुर दर्जी र पूर्व अध्यक्ष सोमप्रसाद भण्डारी, नरविक्रम थापा र उद्धव

भट्टराईलगायतले शुभकामना मन्तव्य व्यक्त गर्दै आगामी दिनमा अझ प्रभावकारी रूपमा अघि बढ्नको लागि केही सुझावहरू पनि दिनुभएको छ । (विस्तृत प्रतिवेदनमा पछि पठाइनेछ)

## चौथो राष्ट्रिय सम्मेलन सकियो




राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको चौथो राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । यही फागुन १० देखि १२ गतेसम्म कञ्चनपुरको भीमदत्तनगरी महेन्द्रनगरमा भएको सम्मेलनले ल्यामबहादुर दर्जीको अध्यक्षतामा ३१ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ । ५४ जिल्लाबाट सहभागी भएका भूमि अधिकारबाट वञ्चित किसानका ५ सय ८५ (१४३ दलित, २२६ जनजाती र २३५ महिला) प्रतिनिधि तथा पर्यवेक्षकले आगामी तीन वर्षको लागि नयाँ नेतृत्व चुनेका हुन् ।

'सङ्गठित सुकुमबासी, भूमिहीन र किसान, खाद्य, आवास र पहिचानसहितको संविधान' भन्ने मुल नाराका साथ आयोजना भएको सम्मेलनले २९ बुँदे कञ्चनपुर घोषणा-पत्र र ६ बुँदे सङ्गठन अठोट पत्र जारी गरेको छ । वर्तमान भूपरिवेश, भूमि सुधारको अवस्था र सङ्गठनात्मक विकासका पक्षहरूमा प्रतिनिधिहरूबीच गम्भीर छलफल भई भूमिहीन, सुकुमबासी र किसानमाथि परेको असरको अन्त्य गरी उनीहरूको सामाजिक न्याय र मानव अधिकारसहितको किसानमुखी भूमि सुधार आवश्यक भएकाले सो विषय प्रमुखताका साथ आगामी संविधानमा समेटीनुपर्ने माग घोषणा–पत्रमा उठाइएको छ ।



उद्घाटन सभाको दिन महेन्द्रनगर बजार १० हजारभन्दा बढी भूमि अधिकारबाट वञ्चित किसानहरूको ऱ्याली तथा जुलुसले परिक्रमा गरिएको थियो । उद्घाटन सभा हुनुभन्दा २ दिन पहिले अर्थात फागुन ८ गतेदेखि कैलालीको चिसापानीदेखि सुरु भएको करिव २ सय साइकल यात्री पनि सोही दिन पुगी ऱ्यालीमा सहभागी भएका थिए । भूमि अधिकारको मागसहितका नारा, सांस्कृतिक पहिचानसहितको ऱ्यालीले भूमिहीनहरूको शक्ति प्रर्दशन गरेको थियो । चौथो सम्मेलनको उद्घाटन गर्दै प्रमुख अतिथि पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले मुलुकमा भूमिहीन र भूमिको समस्या समाधान नभएसम्म कुनै पनि क्षेत्रको विकास हुन नसक्ने बताउनुभयो । उहाँले भन्नुभयो, मुलुकका दलहरू भूमिहीनको समस्या समाधान गर्न एकमत हुनुपर्छ । समयमै भूमिहीन सुकुमबासीको समस्या सामाधान नगरिए मुलुकले ठूलो क्षति व्यहोर्नु पर्नेछ । नेता नेपालले राष्ट्रिय भूमि अधिकार मञ्चले मुलुकमा भूमिहीन, सुकुमबासी र साना किसानहरूलाई भूमि

अधिकार दिलाउन उल्लेखनीय काम गरेकाले आगामी दिनमा पनि भूमिहीनको पक्षमा नेतृत्वदायी भूमिका खेल्न आग्रह गर्दै चौथो सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

यस्तै, विशेष अतिथिको रूपमा बोल्दै पूर्वउपप्रधानमन्त्री एवम् एमाओवादी उपाध्यक्ष नारायण काजी श्रेष्ठले दलहरूको फरकफरक अडानको कारण आजसम्म भूमिहीनको समस्या समाधान हुन नसकेको बताउनुभयो । श्रेष्ठले भन्नुभयो, अहिले संविधान सभामा पनि भूमि र भूमि सुधारको विषयमा सबै दलहरूको फरक मत छ । फरक मतकै कारण विवाद बढेको छ । तर मुलुकमा भूमि सुधार नभएसम्म अन्य कुनै पनि समस्याको स्थायी समाधान हुन सक्दैन । उहाँले राष्ट्रिय मञ्च भूमि अधिकार मञ्चको चौथो सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्दै, भूमिहीनको पक्षमा न्याय दिलाउनको लागि सधैं सक्दो सहयोग गर्ने बताउनुभयो । नेपाली काँग्रेस कञ्चनपुरका नेता एवम् पूर्वसभासद् हिरादत्त भट्टले उद्घाटन सभाको अवसरमा शुभकामना मन्तव्य राख्दै भूमिहीन, सुकुमबासी र किसानको समस्या जटिल बन्दै गएकाले राज्यले पहिला यी वर्गको समस्या समाधानमा उचित ध्यान दिनुपर्ने बताउनुभयो । सम्मेलनको अवसरमा राष्ट्रिय भूमि अधिकार सरोकार समूहका अध्यक्ष सरेश नेपाल, एसियाली किसान सङ्गठनका अध्यक्ष जापानका सिम्पिया मुराकामी, सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका सचिव रेणुका पौडेल, खाद्यका लागि कृषि अधिकार अभियानका डा.कृष्ण पौडेललगायतले शुभकामना व्यक्त गर्नुभएको थियो ।

सम्मेलनको बन्द सत्रमा मञ्चको साङ्गठानिक तथा आर्थिक प्रगती प्रतिवेदनमाथि छलफल गरी पारित गरियो । सम्मेलनले ल्यामबहादुर दर्जीको अध्यक्षतामा ३१ सदस्यीय (१७ महिला, ११ दलित र १२ जनजाती) समिति चौथो कार्यकालको लागि सर्वसहमतिबाट चयन गरेको छ । केन्द्रीय पदाधिकारीहरूमा उपाध्यक्ष, महासचिव, सचिव, कोषध्यक्षमा क्रमशः नन्दा जोशी, सरस्वती सुव्वा, विजु खाँड र बलबहादुर तामाङ छन् । र सदस्यहरूमा समिता विक, महेश वड, भिमकुमारी मगर, गमीता राई, व्सन्ती थारु, पार्वती डगौरा, युक्तिलाल मरिक, छोटेलाल थारु, सीतादेवी पासवान, गुलावदेवी राम, दमनकुमारी चेपाङ, पार्वती राजी, निर्मला चौधरी, रमेश देवकोटा, भवानीप्रसाद न्यौपाने, विष्णुप्रसाद तिमल्सिना, सुनिता विक, फौदासिं स्याङ्गवा, रमेशकुमार सापकोटा, रेश्मा पासी, प्रेमकुमारी शाही, मेघ बहादुर विसी, टेकबहादुर बोहरा र चन्द्रा विक छन् । सम्मेलनका लागि सबै जिल्ला मञ्चहरूले आआफ्नो जिम्मेवारीमा तोकिएको दायित्वहरू बुझाए थिए । यसरी २०५३ केजी चामल, १२३ केजी दाल, १००६ केजी तरकारी, ६६० आलु, १२७३७ टपरीलगायत स्थानीय सामग्री सङ्कलन भएको थियो ।

### सहयोगीलाई धन्यवाद् पत्र



जिल्ला भूमि अधिकार मञ्च, कञ्चनपुरले सम्मेलनको अवसरमा प्रचार–प्रसार, सङ्गठन तथा समुदाय परिचालन, व्यवस्थापन तयारी, खाना, बास व्यवस्थापन, साईकल यात्री र स्वयम्सेवकको क्षेत्रमा सहयोग गर्ने विभिन्न सङ्गठन, अगुवा र सदस्यसहित १२६ जनालाई सम्मान–पत्र र ४१ गाउँ मञ्चलाई लिखित धन्यवाद् पत्र पठाएको छ ।

## जिल्ला सम्मेलन भयो

जिल्ला भूमि अधिकार मञ्च, उदयपुरको तेस्रो जिल्ला सम्मेलन भयो । सम्मेलनले नमिता राईको अध्यक्षतामा ११ सदस्यीय पदाधिकारी चयन गरेको छ । सम्मेलनले उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षमा क्रमशः गंगाकुमारी राई, शिवप्रसाद वास्तोला, गोविन्दप्रसाद पौडेल र शंकरवती सदालाई चयन गरेको छ । यस्तै

सदस्यहरूमा लालबहादुर निरौला, हजरा खातुन, सुरज सदा, ईश्वरी श्रेष्ठ, लक्ष्मीनारायण चौधरी र पविकुमारी मगर छन् ।

### जिल्ला परिषद् भयो

जिल्ला भूमि अधिकार मञ्च सिन्धुपाल्चोकको तेस्रो जिल्ला परिषद् भयो । परिषद्मा विभिन्न राजनीतिक दल तथा सरोकारवाला निकायका प्रतिनिधिहरू सहभागी भई परिषद्को अवसरमा बोल्दै भूमिसम्बन्धी समस्याहरू समाधान गर्न सहकार्य गर्ने प्रतिवद्दता व्यक्त गरेका छन् । परिषद्मा २०७० साउन १ देखि २०७१ असार मसान्तसम्मको आर्थिक तथा प्रगती प्रतिवेदनमाछि छलफल गरी पारित गरिएको थियो ।

फागुन २७ गते चौतारामा भएको जिल्ला परिषद्मा राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष ल्यामबहादुर दर्जी, मालपोत अधिकृत कमलप्रसाद तिमल्सिना, नेपाली काँग्रेसका टंका कार्की, एमालेका झम्क नेपाल, राप्रपाका माधव उप्रेती, आत्मनिर्भर केन्द्रका जगत बस्नेत, कल्पना कार्की, सरिता लुईटेल, यशियाली किसान सङ्गठनका उपाध्यक्ष सोमप्रसाद भण्डारी र राष्ट्रिय भूमि अधिकार सरोकार समूहका अध्यक्ष सरेश नेपाल सहभागी हुनु भएको थियो । साथै परिषद्मा ३९ सगठनका अगुवासहित ७३ सहभागी थिए ।

### संयुक्त पुर्जा बनाउने थपिए

किसान महिलाको भूस्वामित्व कायम गराउन सञ्चालन भएको संयुक्त पुर्जा निमाण अभियानमा सङ्गठित भई यस महिना १६ जोडी किसानले संयुक्त पुर्जा निर्माण गरेका छन् । यस क्रममा महोत्तरीका ११ जोडीले २ बिघा ११ कट्ठा ७ धुर, मोरङका २ जोडीले १६ कट्ठा १ धुर, धनकुटाको २ जोडीले १ बिघा र सर्लाहीका १ जोडीले २ कट्ठा क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा निर्माण गरी महिला र पुरुषको नाममा बराबरी भूस्वामित्व कायम गराएका छन् ।

### आधार पत्र लिए

उदयपुरको सुन्दरपुर गाविसमा बसोबास गर्ने ९२ परिवार र महोत्तरीको भरतपुरका १० भूमिहीन परिवारले गाविसको कार्यालयबाट बसोबास तथा जोतभोग प्रमाण–पत्र लिएका छन् । ऐलानी जमिनमा बसोबास गर्दै आएका भूमिहीन परिवारलाई सुरक्षित बसोबासको हक दावीको लागि आधार प्रमाण पत्रले प्रमाणको रूपमा काम गर्नेछ ।

### सङ्गठन निर्माण भयो

कञ्चनपुरमा १, नुवाकोटमा १ र पाल्पामा १ गरी ३ गाउँ भूमि अधिकार मञ्च गठन भएको छ । यी गाउँ मञ्चमा १०१ भूमि अधिकारबाट वञ्चित परिवार सङ्गठित भएका छन् ।

### स्थानीय स्रोतको उपयोग

महोत्तरी लक्ष्मिनियाँमा कोपिला र विकास गाउँ भूमि अधिकार मञ्चले सञ्चालन गरेको सामूहिक खेतीको जग्गा संरक्षण गर्न जिल्ला भूसंरक्षण कार्यालय महोत्तरीले सहयोग गरेको छ । भूसंरक्षण कार्यालयले गाउँ मञ्चले प्रस्ताव पेश गरेअनुसार ४ लाख ५ हजार रूपियाँ बराबरको ८१ थान तारजाली उपलब्ध गराएको छ ।

## किसानले पाए क्षतिपूर्ति

सुनसरी धरान नपा १५ र इटहरी नपा ७ का जग्गाधनीले किसानहरूले जोतखन गर्दै आएको जमिनमा प्लटीङ गरी उठिबास लगाउने प्रयास गरेपछि भूमि अधिकार मञ्चको पहलमा ६ परिवार किसानले क्षतिपूर्ति पाएका छन् । किसानहरूले १२ कट्ठा १६ धुर क्षेत्रफल जमिन क्षतिपूर्ति वापत लिएका छन् । उक्त जमिन हालको स्थानीय मूल्याङ्कनअनुसार करिव ५६ लाख बराबर हुन आउँछ ।

## उठिबास हुन नदिन मञ्चको पहल

कञ्चनपुर, बेलडाँडी गाविसको ग्रनीबेल्टमा २०५७ सालदेखि बसोबास गर्दै आएका छुट मुक्त कमैया, भूमिहीन, सुकुमबासीको २५ परिवार रहेको शिविरलाई स्थानीय प्रशासनले हटाउन खोज्यो । उनीहरू बसोबास गरेको क्षेत्रमा इलाका प्रहरी कार्यालय स्थापना गर्न खोज्दा ११ परिवार विस्थापनको सिकार भएका छन् । गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित उनीहरूको उठिबास हुन नदिन जिल्ला भूमि अधिकार मञ्च र गाउँ भूमि अधिकार मञ्चको संयुक्त पहलमा जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय र जिल्ला प्रहरी कार्यालयमा निवेदन पेश गरियो । सोहीबमोजिम बेलडाँडी गाविसमा सर्वदलीय बैठक बस्यो । बैठकले ११ परिवारलाई विकल्प खोजी बस्ती स्थापना गर्न सहयोग गर्ने अनि मात्र चौकी स्थापना गर्ने निर्णय गरेको छ । यसबाट उनीहरूको उठिबास हुन मञ्चको पहलमा रोकिएको छ ।

यस्तै, सिरहाको लहान न.पा. ११ पडहरियामा रहेको १२ घर १० वर्षदेखि बसोबास गर्दै आएको ऐलानी जग्गामा सोही ठाउँको जमिनदारले उठिबास लगाउन खोजेपछि भूमि अधिकार मञ्चको अगुवाईमा वडा प्रहरी कार्यालयमा निवेदन पेश गरी छलफल गरियो । हाल उनीहरूलाई उठिबास गर्न नपाईने छलफल भएपछि उनीहरूको बस्ती सुरक्षित भएको छ । यस्तै सिरहाको हनुमाननगर गाविस वडा न. ६ मा बसोबास गर्दै आएका ६ घर सदा समुदायलाई जमिनदार तपेश्वर महतोले उठिबास गर्न अदालतमा मुद्दा दायर गरेका थिए । यस विषयमा सहयोग गरिदिन मानव अधिकार आयोगमा निवेदन पेश गरेपछि उनीहरूले जमिनदारसँग छलफल गरेका थिए । हाल उनीहरूको उठिबास हुनबाट रोकिएको छ ।

## हलिया पुनर्स्थापना योजना जिविसद्वारा पारित

जिल्ला विकास समिति बैतडीको जिल्ला परिषद्ले जग्गासहित हलिया पुनर्स्थापना गर्ने योजना पारित गरेको छ । बैतडीको आवधिक (५ वर्षे) योजनाअर्न्तगत समाजिक समूहमा हलिया पुनर्स्थापना योजना राखिएको छ । जिल्ला भूमि अधिकार मञ्च, हलिया मुक्ति समाज र ईन्सेकको सहकार्यमा मालापेत कार्यालयमार्फत कार्यान्वयन हुने गरी गत मंसिरमा तयार गरिएको योजना फागुन १४ र १५ मा भएको जिल्ला परिषद्ले पारित गरेको हो । यो योजना पारित भएपछि हलिया पुनर्स्थापनको काम सुरु हुने छ ।

जय भूमि ।

भूमि अधिकार मञ्च

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल(NLRF)**
ठिमुरा, चितवन,
फोन : ०१-६९१४५८६
ईमेल : nlrfnepal@yahoo.com

CSRC आत्मनिर्भर केन्द्र

**सामुदायिक आत्मानिर्भर सेवा केन्द्र (CSRC)**
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
ईमेल : landrights@csrcnepal.org